स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



२०८२ सालमा दोस्रो धेरै कमाउने फिल्म बन्यो 'आबाट आमा'। यो फिल्मको दोस्रो श्रृंखला घोषणा भैसकेको छ। १० बैशाखदेखि निर्देशक चन्द्र पन्त छायांकन थाल्ने तयारीमा छन्। यस्तोमा, यो फिल्मको 'कास्टिङ' लाई लिएर महत्वपूर्ण अपडेट छ। अभिनेता पल शाह र अभिनेत्री विपना थापा दोस्रो श्रृंखलामा फर्किने पक्का भएको छ। दुवैजना कलाकारले प्रोजेक्ट साइन गरेका छन्। पहिलो भागमा शाहले छोरा र थापाले आमाको भूमिका निर्वाह गरेका थिए।

आजको विचार...



राष्ट्रिय...
(दुई पेजमा)

खेम शर्मा



तुलसी घिमिरेको निर्देशनमा बनेको फिल्म 'पहाड'को पहिलो गीत 'मोहनी लगाउने' सार्वजनिक गरिएको छ। रञ्जित गजमेरको संगीतमा रहेको उक्त गीत दर्शकमाझ ल्याइएको हो। गीतलाई संगीतकार गजमेरले फिल्म 'चिनो'मा समावेश आफ्नो चर्चित गीत 'मोहनी लाग्ला है'को शैलीमा तयार पारेका छन्। निर्देशक घिमिरे स्वंयको शब्द रचना रहेको गीतमा भारती घिमिरे, साकार अप्टे, अस्मिता अधिकारी, मदनकृष्ण श्रेष्ठ र विपिन कार्कीको स्वर छ।

❐ वर्ष ३१ ❐ अंक २३६ ❐ २०८२ चैत ११ गते बुधबार 25 March 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### कोलम्बियामा सैन्य विमान दुर्घटना : ६६ को मृत्यु

(रासस/एपी)

**बोगोटा,** चैत १०/कोलम्बियाको दुर्गम अमेजन क्षेत्र पोर्टो लेगुइजामो नजिकै भएको सैन्य यातायात विमान दुर्घटनाले देशलाई गहिरो शोकमा डुबाएको छ । एक सय २८ जना सवार रहेको विमान उडेको केही समयमै दुर्घटनाग्रस्त हुँदा कम्तीमा ६६ जनाको मृत्यु भएको पुष्टि गरिएको छ भने दर्जनौं घाइते भएका छन् । कोलम्बियाका सशस्त्र बल प्रमुख ह्युगो अलेजान्द्रो लोपेज ब्यारेटोले दुर्घटनामा ६६ जना सैनिकको ज्यान गएको जानकारी दिए । उनका अनुसार अझै चार जना सैनिक बेपत्ता रहेका छन् । "यो अत्यन्त दु:खद घटना हो, जसले हाम्रो सेनामा ठूलो क्षति पुऱ्याएको छ", उनले भने । उनले प्रारम्भिक अनुसन्धानका आधारमा यो घटना कुनै अवैध सशस्त्र समूहको आक्रमणका कारण भएको देखिँदैन भन्दै त्यस्तो कुनै सङ्केत हालसम्म नदेखिएको स्पष्ट पारे । दुर्घटनास्थल पोर्टो लेगुइजामो, पुतुमायो प्रान्तमा पर्छ । यो इक्वेडर र पेरुको सीमासँग जोडिएको दुर्गम अमेजन क्षेत्र हो । स्थानीय उपमेयर कार्लोस क्लारोसले मृतकहरूको शव सानो सहरको शवगृहमा राखिएको र सीमित स्वास्थ्य पूर्वाधारका कारण घाइतेहरूलाई प्राथमिक उपचारपछि ठूला सहरतर्फ पठाइएको बताए ।

# पाल्पामा विश्व क्षयरोग दिवस जनचेतना कार्यक्रमसहित अभियान सञ्चालन

## "हामी क्षयरोग अन्त्य गर्छौं, राष्ट्रिय अभियानमा हाम्रो योगदान"

भरत शर्मा

**पाल्पा,** चैत १०/विश्व क्षयरोग दिवसको अवसरमा पाल्पामा विभिन्न जनचेतनामूलक कार्यक्रमहरू आयोजना गरी मनाइएको छ । कार्यक्रममा धुम्रपान, मद्यपान, धुलो-धुवाँ तथा प्रदूषित वातावरणमा काम गर्ने व्यक्तिहरू क्षयरोगको उच्च जोखिममा रहने तथ्य प्रस्तुत गरिएको छ ।

स्वास्थ्यकर्मीका अनुसार दुई हप्तासम्म लगातार खोकी लाग्ने, साँझपख ज्वरो आउने, भोक नलाग्ने, तौल घट्दै जाने, खकारमा रगत देखिने तथा छाती दुख्ने जस्ता लक्षण देखिएमा तत्काल परीक्षण गराउनुपर्ने बताइएको छ । स्वास्थ्य कार्यालय पाल्पाको तथ्याङ्कअनुसार जिल्लाका अन्य पालिकाको तुलनामा निस्दी गाउँपालिकामा क्षयरोगका बिरामी बढी



देखिएका छन् । गत आर्थिक वर्षमा २५ जनाको मृत्यु भएको र चालु आर्थिक वर्षको ८ महिनामै ९ जनाको मृत्यु भइसकेको स्वास्थ्य कार्यालय पाल्पाका नमित्त प्रमुख टुकप्रसाद पोखरेलले जानकारी दिए । सञ्चारकर्मीसँगको अन्तर्क्रियामा पोखरेलले समयमै परीक्षण गरी लगातार ६ महिनासम्म औषधी सेवन गरेमा क्षयरोग पूर्ण रूपमा निको हुने बताएका छन् । उनले संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कबाट बच्न र सावधानी अपनाउन आग्रह गरे । त्यसैगरी, स्वास्थ्य कार्यालयका क्षयरोग अधिकृत विश्वनाथ न्यौपानेले पाल्पाका सबै १० पालिकामा परीक्षण सेवा उपलब्ध रहेको जानकारी दिँदै लक्षण देखिनेबित्तिकै परीक्षण गराउन आग्रह गरे । रोग प्रतिरोधात्मक क्षमता कमजोर भएमा संक्रमण तीव्र हुने र समयमै उपचार नभए ज्यानै जान सक्ने चेतावनी पनि उनले दिए । कार्यक्रममा क्षयरोगको परीक्षण तथा उपचार सरकारले नि:शुल्क उपलब्ध गराउँदै आएको जानकारीसमेत गराइएको थियो ।

## क्षयरोगबाट बचौं र बचाऔं।

-खोक्दा र हाच्छ्युँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,

-दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,

-क्षयरोग लागेमा नि:शुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,

-नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,

-क्षयरोग लागेको विरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,

-विरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,

-क्षयरोग लागेको विरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाऔं।


नेपाल सरकार

विज्ञापन बोर्ड

# विपन्नलाई स्थानीय सरकारको सहयोग

**रेसुङ्गा (गुल्मी),** चैत १०/गुल्मी धुर्कोट गाउँपालिका-५ की ३३ वर्षीय माया सुनार गाउँपालिकाले घर बनाउन थालेपछि निकै खुसी छिन् । अहिलेसम्म राम्रो घर थिएन । चार जनाको परिवार छिमेकी जेठाजुकोमा बस्दै आएको थियो । कमाएर राम्रो घरपरिवारका सपना पूरा गर्ने उद्देश्य बोकेर कतार हिँडेका श्रीमान् नारायण सुनारको तीन वर्षअघि बाटोमै फदयाघातका कारण ज्यान गएपछि आफूहरूको बिचल्ली भएको सुनारले सुनाईन् ।

अहिले माया सुनारको काँधमा तीन छोराछोरी लालनपालनको जिम्मेवारी छ । मायाको राम्रो घर बनाउने सपना गाउँपालिकाले पूरा गरे पनि जीविकोपार्जनको उपाय छैन । उनले भनिन्, "घरपछि सानोतिनो रोजगारीको अवसर पनि गाउँमै पाउन पाए छोराछोरी हुर्काउन सकिन्थ्यो ।



अहिले मेलापातको कामले मात्रै परिवारको जोहो चलेको छ । धुर्कोट गाउँपालिका-१, नयाँगाउँमा ५६ वर्षीय खुमबहादुर परियारको पनि धुर्कोट गाउँपालिकाले घर निर्माण गरिदिएको छ । अहिले बुढेसकालमा खुमबहादुर एक्लै घरमा छन् । रोजगारीको लागि भारत गएका बेला खुमबहादुरले उतै बिहे गरेका थिए । पाँच जना छोराछोरी पनि जन्मिए तर कोही फर्किएर गाउँ आउँदैनन् । २०६६ सालमा आफ्नै घर फर्किएका खुमबहादुरले सानो छाप्रोमा मजदुरी गरेर ज्यान पालेका थिए । अहिले घर बनेकोमा परियार खुसी छन् । गुल्मीको धुर्कोट गाउँपालिकाले गरिब परिवारलाई १२ घर दिने भएको छ । गाउँपालिकाले अहिलेसम्म आवासविहीन भएर विभिन्न अवस्थामा बसोबास गरेका पालिकाका सबै वडाका गरेर १२ गरिब नागरिकका घर निर्माणको अभियान अगाडि बढाएको छ । गत वर्ष दुई घर निर्माण भएका थिए । अहिले बजेट र सङ्ख्या बढाइएको छ । गाउँपालिकाका १, २, ४, ६ र ७ वडामा दुई/दुई जना र ३ र ५ वडामा एक/एक जनाले घर पाउने धुर्कोट गाउँपालिकाका वास संयोजक छविलाल विश्वकर्माले बताए । अहिलेसम्म छ जनाको घर निर्माणको काम सकिएको छ । अधिकांशको निर्माण कार्य अन्तिम चरणमा रहेको विश्वकर्माले जानकारी दिए । प्रत्येक व्यक्तिले घर निर्माणबापत दुई किस्तामा चार लाख रुपियाँ प्राप्त गर्ने छन् । पहिलो किस्ता एक लाख र अन्तिम किस्ता तीन लाख गरेर भुक्तानी गरिएको गाउँपालिकाले जनाएको छ । घर निर्माण हुने १२ जनामध्ये आठ जना दलित समुदायका छन् । पालिकाभित्रका आफ्ना नागरिक आवासविहीन भएर बस्न नपरोस् भन्ने उद्देश्यले घर निर्माण अभियान सुरु गरिएको धुर्कोट गाउँपालिका अध्यक्ष भूपाल पोखरेलले बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## नेपालको राजनीतिक भविष्य र हाम्रो आवश्यकता

**नेपाल अहिले राजनीतिक संक्रमणको लामो चरण पार गर्दै नयाँ युगतर्फ उन्मुख भइरहेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि पनि राजनीतिक स्थायित्व, सुशासन र विकासका सवालहरू अझै पूर्ण रूपमा समाधान हुन सकेका छैनन् ।**

**अबको आवश्यकता भनेको स्थिर सरकार, स्पष्ट नीति र दीर्घकालीन योजना हो । राजनीतिक दलहरूले अल्पकालीन स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितलाई प्राथमिकता दिनु अपरिहार्य छ । नेपालको राजनीतिक भविष्य उज्ज्वल बनाउन सबैभन्दा महत्वपूर्ण कुरा सुशासन र पारदर्शिता हो ।**

**जनविश्वास पुनःस्थापित हुन सक्छ भन्ने आशा र भरोसा भने कायमै छ । अहिले युवाहरूको सहभागिता बढाउनु पनि उत्तिकै आवश्यक छ । शिक्षित र ऊर्जाशील युवाहरूलाई नीति निर्माण र नेतृत्व तहमा अवसर प्रदान गर्न सकियो भने देशको राजनीतिक संस्कारमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ । यही सन्दर्भमा नेपालको राजनीतिक भविष्य कस्तो बनाउने भन्ने प्रश्न आज सबैभन्दा महत्वपूर्ण विषाय बनेको छ । विगतका वर्षाहरूमा सरकारको बारम्बार परिवर्तन, दलभित्रको अन्तरद्वन्द्व र सत्ता केन्द्रित राजनीति मुख्य चुनौतीका रूपमा देखा परेका छन् । यसले जनतामा निराशा बढायो र अहिले राज्यप्रति विश्वास पनि कमजोर बनाएको छ । नेताहरूको मात्र होइन, नागरिकहरूको पनि उत्तिकै भूमिका हुन्छ । सचेत नागरिक, जिम्मेवार मतदाता र सक्रिय नागरिक समाजले मात्र सही नेतृत्व चयन गर्न सक्छन् । लोकतन्त्रलाई बलियो बनाउन सबै पक्षको सहकार्य अपरिहार्य छ । भ्रष्टाचार नियन्त्रण, न्याय प्रणालीको मजबुती, र सरकारी संयन्त्रको उत्तरदायित्व सुनिश्चित गर्न सके मात्र आर्थिक विकाससँग राजनीतिक स्थायित्व गहिरो रूपमा जोडिएको हुन्छ । लगानीमैत्री वातावरण, रोजगारी सिर्जना, र उत्पादनमुखी अर्थतन्त्र निर्माणका लागि स्पष्ट राजनीतिक दृष्टिकोण आवश्यक छ । ग्रामीण क्षेत्रको विकास, कृषि र पर्यटन प्रवर्द्धन जस्ता क्षेत्रमा दीर्घकालीन योजना लागू गर्न सके देश आत्मनिर्भरतातर्फ अघि बढ्न सक्छ । नेपालको राजनीतिक भविष्य उज्ज्वल बनाउन केवल यसैले, आजको आवश्यकता स्पष्ट छ–सिद्धान्तमा आधारित राजनीति, पारदर्शी शासन र दीर्घकालीन राष्ट्रिय दृष्टिकोण । यिनै आधारमा नेपालले स्थिर, समृद्ध र समावेशी भविष्यको मार्ग तय गर्न सक्छ ।**

### Opinion @ Social Network

तिमी गुलाब होइन, गुराँस हुनु
जसलाई पाउन काँडा होइन भिर पाखाको सामाना गर्न परोस् ।
*(अरुन खड्काको फेसबुक स्टाटसबाट www.facebook.com/Arun.Khadka)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राष्ट्रिय सम्पत्ति–पुर्नप्राप्ति अभियान किन नथाल्ने ?



## खेम शर्मा

***सार्वजनिक स्रोत, कर, राष्ट्रिय अवसर र संस्थागत पहुँचको दुरुपयोगबाट बनेको अवैध सम्पत्ति निजी विलासिता, विदेशी सम्पत्ति वा लुकाइएको नगदमा रूपान्तरण हुनु लोकतान्त्रिक राज्यका लागि नैतिक विफलता हो ।***

नेपाल आज गम्भीर आर्थिक, नैतिक र ऐतिहासिक मोडमा उभिएको छ । एकातिर अहिले बन्दै गरेको सरकारले चुनावका बेला जनतासमक्ष प्रस्तुत गरेको आफ्नो वाचापत्रमा पाँच वर्षभित्र १०० अर्ब अमेरिकी डलरको अर्थतन्त्र निर्माण गर्ने, मिलियनमा रोजगारी सिर्जना गर्ने, उत्पादन बढाउने, उद्योग उठाउने र युवालाई देशमै अवसर दिने प्रतिबद्धता व्यक्त गरेको छ । अर्कोतिर, यही देशका लाखौं युवा रोजगारीको खोजीमा विदेशिन बाध्य छन्, उद्योगलाई पूँजी चाहिएको छ, राज्य विकासका लागि स्रोत खोजिरहेको छ, तर सार्वजनिक स्रोतको दुरुपयोग, भ्रष्टाचार, कर छली, तस्करी, कमिसन, अवैध वित्तीय प्रवाह, शक्ति-दुरुपयोग र पहुँच-आधारित मिलेमतोबाट बनेको सम्पत्तिको ठूलो हिस्सा देशभित्र निष्क्रिय छ वा देश बाहिर लुकाइएको छ । अझ चिन्ताको विषय के हो भने यस्ता सम्पत्तिहरू आफ्नै नाममा मात्र होइन, नातेदार, सहयोगी, बिचौलिया, साझेदार, शेल कम्पनी वा कृत्रिम संरचना मार्फत समेत लुकाइएका हुनसक्छन् । त्यसैले आधारभूत प्रश्न उठ्छ- जब देशलाई पूँजी चाहिएको छ, तब देशको पैसा देश बाहिर किन बसिरहने ? अब राज्यले 'नयाँ पैसा कहाँबाट ल्याउने ?' भन्ने प्रश्नसँगै 'हराएको, लुकाइएको, अवैध रूपमा बाहिरिएको वा परोक्ष नाममा सुरक्षित राखिएको सम्पत्ति कसरी खोज्ने, रोक्ने र फिर्ता ल्याउने ?' भन्ने प्रश्नलाई समान गम्भीरता साथ लिनुपर्छ । यही कारणले राष्ट्रिय सम्पत्ति-पुनर्प्राप्ति अभियान थाल्न ढिलाइ गर्नुहुँदैन । राष्ट्रिय सम्पत्ति-पुनर्प्राप्ति अभियान केवल कानूनी वा प्रशासनिक कार्यक्रम होइनह यो आर्थिक न्याय, राज्य-अनुशासन, सार्वजनिक नैतिकता, राष्ट्रिय स्वाभिमान र राष्ट्र निर्माणको कार्यक्रम हो । यो बदला होइन, नागरिकप्रतिको न्याय हो । कर तिर्ने, पसिना बगाउने र नियम मान्ने नागरिक अवसरबाट वञ्चित हुने, तर सार्वजनिक स्रोतको दुरुपयोग गर्नेहरू देश-विदेशमा सम्पत्ति लुकाएर सुरक्षित बस्ने अवस्था कुनै उत्तरदायी राज्यका लागि स्वीकार्य हुन सक्दैन । यस्तो अवस्था जति लम्बिन्छ, इमानदार नागरिक त्यति निरुत्साहित हुन्छ र भ्रष्ट संरचना त्यति नै निर्भीक बन्छ । यस अभियानको दार्शनिक आधार स्पष्ट हुनुपर्छ- देशको पैसा देशकै भविष्यमा। सार्वजनिक स्रोत, कर, राष्ट्रिय अवसर र संस्थागत पहुँचको दुरुपयोगबाट बनेको अवैध सम्पत्ति निजी विलासिता, विदेशी सम्पत्ति वा लुकाइएको नगदमा रूपान्तरण हुनु लोकतान्त्रिक राज्यका लागि नैतिक विफलता हो । त्यस्तो सम्पत्ति खोजेर फिर्ता ल्याई नागरिकको हितमा लगानी गर्नु आर्थिक निर्णय मात्र होइन, सामाजिक समानता र नैतिक पुनर्जागरणको काम पनि हो। समाजमा 'धनवान हुनु' भन्दा 'इमानदार हुनु' सम्मानको विषय बन्नुपर्छ । राज्यले यस्तो सन्देश दिनुपर्छ कि पहुँचको बलमा गैरकानूनी रूपमा कमाइएको सम्पत्ति अन्ततः सुरक्षित रहँदैन । विदेशमा रहेको अवैध सम्पत्ति एकै पत्र लेखेर भोलिपल्ट नेपाल फर्किने छैन । तर त्यसलाई फिर्ता ल्याउन सकिँदैन भन्नु पनि गलत हो । विश्व बैंक र संयुक्त राष्ट्रसंघीय मादक पदार्थ तथा अपराध कार्यालयको स्टार पहलले चोरी भएको सम्पत्ति फिर्ता ल्याउन प्रमाण-आधारित अनुसन्धान, अन्तर्राष्ट्रिय कानूनी सहकार्य, रोक्का, जफत, फिर्ता तथा पुनः उपयोगको स्पष्ट ढाँचा आवश्यक पर्ने बताएको छ । यसको अर्थ भावनाले होइन, विधिले काम गर्नुपर्छह तर विधि स्पष्ट, सक्षम र दृढ भयो भने परिणाम सम्भव हुन्छ। नेपालले अब यही बाटो समात्नुपर्छ- तीव्र, तर विधिसम्मतह कठोर, तर न्यायोचितह निर्णायक, तर निष्पक्ष । यस अभियानका चार प्रमुख उद्देश्य हुनुपर्छ । पहिलो, अवैध सम्पत्ति कसको, कहाँ, कुन संरचनामा र कुन माध्यमबाट पुगेको हो भन्ने स्पष्ट पहिचान गरी अनुगमन-सूत्र तयार गर्नु । दोस्रो, त्यस्तो सम्पत्ति बेचबिखन, सार्ने, लुकाउने वा हराउने सम्भावना रोक्न रोक्का, स्थगन वा फ्रिज गर्ने संयन्त्र सक्रिय गर्नु । तेस्रो, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी प्रक्रिया पूरा गरी जफत, असुली, दण्ड, समझदारी वा अन्य विधिसम्मत माध्यमबाट पुनर्प्राप्ति गर्नु। चौथो, अबदेखि कालोधन बाहिर लैजानु, नातेदार वा बिचौलियाको नाममा लुकाउनु, शेल कम्पनी मार्फत सुरक्षित गर्नु वा प्रणालीलाई छल्नु अत्यन्त जोखिमपूर्ण बनाइदिने प्रतिरोधी वातावरण निर्माण गर्नु । यी चार उद्देश्य पूरा हुँदा दुई ठूला परिणाम निस्कन्छन् हराएको पूँजी फर्किन्छ, र भविष्यको भ्रष्टाचार, कर छली तथा अवैध पूँजी पलायनको संस्कार कमजोर हुन्छ । यस कार्यका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत राष्ट्रिय सम्पत्ति-पुनर्प्राप्ति कार्यदल, वा आवश्यक परे अधिकारसम्पन्न उच्चस्तरीय सम्पत्ति-पुनर्प्राप्ति आयोग गठन गरिनुपर्छ । किनकि यो काम कुनै एक मन्त्रालय, विभाग वा अनुसन्धान निकायले मात्र सफलतापूर्वक गर्न सक्दैन । यसमा अर्थ, गृह, कानून, परराष्ट्र, राजस्व, भन्सार, कर प्रशासन, सम्पत्ति शुद्धीकरण अनुसन्धान, प्रहरी अनुसन्धान, अभियोजन, कम्पनी अभिलेख, भूमि अभिलेख र नेपाल राष्ट्र बैंक अन्तर्गतको शंकास्पद कारोबार निगरानी प्रणाली सबै जोडिन्छन् । त्यसैले उच्च राजनीतिक प्राथमिकता सहित एकीकृत कमान्ड, निश्चित समयसीमा, अन्तर-निकाय सूचना साझेदारी र परिणाम-मापन अनिवार्य हुन्छ । यसको उद्देश्य प्रचार होइनह प्रमाण-आधारित मुद्दा निर्माण, प्राथमिकता निर्धारण, अन्तर्राष्ट्रिय कानूनी अनुरोध, रोक्का, जफत र पुनर्प्राप्ति प्रक्रियाको निरन्तर अनुगमन हो । यसमा पहिलो ९० दिन निर्णायक हुनुपर्छ। पहिलो ३० दिनमा शीर्ष प्राथमिकताका प्रकरण छानिनुपर्छ– ठूला कर छली, सार्वजनिक स्रोत दुरुपयोग, तस्करी, संगठित अपराध, कमिसन मार्फत विदेश पलायन गरिएको रकम, र अवैध लाभबाट खरिद गरिएका सम्पत्ति । दोस्रो ३० दिनमा बैंक कारोबार शृङ्खला, वास्तविक स्वामित्वको विवरण, कम्पनी संरचना, जग्गा अभिलेख, कर तथा भन्सार विवरण, भुक्तानी अभिलेख र सम्बन्धित सरकारी निर्णय-कागजात सहित प्रमाण-फाइल तयार गरिनुपर्छ । तेस्रो ३० दिनमा पारस्परिक कानूनी सहयोग, सम्पत्ति रोक्का अनुरोध, सूचना आदान-प्रदान, तथा आवश्यक परे विदेशी अदालत वा नियामक निकायसमक्ष औपचारिक फाइल अगाडि बढाइनुपर्छ। यही समयमा देशभित्र 'स्रोत नखुलेको सम्पत्ति' सम्बन्धी अनुसन्धानलाई पनि प्रमाण, प्रक्रिया र अपिल-अधिकार सहित बलियो बनाउनुपर्छ । ढिलाइ भयो भने पैसा सारिन्छ, संरचना बदलिन्छ र प्रमाण हराउन सक्छ । यससँगै कानूनी तथा नीतिगत सुधार पनि अघि बढ्नुपर्छ। हुन्डी, क्रिप्टो मुद्राको दुरुपयोग, झुटा कम्पनी संरचना, काल्पनिक लाभग्राही, कर छल्ने अनौपचारिक अर्थतन्त्र र बिचौलिया-आधारित सम्पत्ति लुकावटलाई नियन्त्रण गर्न कानूनी छिद्र बन्द गरिनुपर्छ। शंकास्पद वा असामान्य सम्पत्तिका हकमा 'वैध स्रोत' स्पष्ट पार्नुपर्ने दायित्व सम्बन्धित व्यक्तिमाथि राख्ने अनुसन्धान ढाँचा पनि आवश्यक हुन सक्छ। त्यस्तै, एक पटकको सीमित, समयबद्ध र कडाइका साथ नियन्त्रित स्वेच्छिक सम्पत्ति-घोषणा अवसर पनि विचारणीय हुन सक्छ, जहाँ निश्चित अवधिभित्र कर, जरिवाना वा कानूनी मिलान सहित सम्पत्ति औपचारिक प्रणालीमा ल्याउने अन्तिम अवसर दिइयोस्। त्यसपछि भने कडा अनुसन्धान, रोक्का र जफतको बाटो स्पष्ट रूपमा खुला हुनुपर्छ। यसले इमानदार सुधारको ढोका पनि खोल्छ, र जानीजानी लुकाउनेहरूलाई स्पष्ट सन्देश पनि दिन्छ । विश्वका अनुभवहरूले देखाएका छन् कि राज्य गम्भीर, सक्षम र प्रतिबद्ध भयो भने चोरी भएको सार्वजनिक सम्पत्ति फिर्ता ल्याउन सम्भव हुन्छ । नाइजेरियाले सानी अबाचासँग सम्बन्धित रकम स्विट्जरल्याण्डबाट फिर्ता ल्याउँदा नाइजेरिया-स्विट्जरल्याण्ड-विश्व बैंक बीच त्रिपक्षीय निगरानी तथा पारदर्शी उपयोगको ढाँचा निर्माण गर्‍यो । पेरुले फुजिमोरी-मोन्टेसिनोस सञ्जालसँग सम्बन्धित सम्पत्तिको खोज, रोक्का र पुनर्प्राप्तिमा उल्लेखनीय प्रगति गर्‍यो। काजाकस्तानले विवादित रकमलाई बोटा प्रतिष्ठान मार्फत बालबालिका, परिवार र युवाको हितमा परिचालन गरेर फिर्ता आएको रकम जनहितमा कसरी विश्वसनीय रूपमा उपयोग गर्न सकिन्छ भन्ने नमूना देखायो । संयुक्त राज्य अमेरिकाले ओबामा प्रशासनकालमा सन् २०१० मा क्लेप्टोक्रेसी सम्पत्ति पुनर्प्राप्ति पहल प्रारम्भ गरी विदेशी उच्चस्तरीय भ्रष्टाचारसँग सम्बन्धित सम्पत्ति खोज, जफत र जनहितमा पुनःप्रयोग गर्ने संस्थागत आधार तयार गर्‍यो। मलेसियाको १एमडिबी प्रकरणमा अमेरिकी न्याय विभागले बहुराष्ट्रिय समन्वय मार्फत ठूलो परिमाणको रकम जनताको हितमा फिर्ता गरायो । फिलिपिन्सले मार्कोस परिवारसँग सम्बन्धित स्विस निक्षेपको ठूलो अंश फिर्ता ल्याएर लामो कानूनी प्रक्रियापछि पनि परिणाम सम्भव हुने प्रमाण दियो । उज्बेकिस्तानमा स्विट्जरल्याण्डले जफत सम्पत्तिलाई संयुक्त राष्ट्रसंघीय कोष मार्फत जनहितमा फिर्ता गर्ने संरचना बनायो । यी अनुभवहरूले नेपाललाई एउटै पाठ सिकाउँछन् सम्पत्ति पुनर्प्राप्ति केवल जफत गर्ने प्रक्रिया होइनह यो प्रमाण, अन्तर्राष्ट्रिय सहकार्य, कानूनी क्षमता, फिर्ता उपयोगको विश्वसनीयता र सार्वजनिक विश्वाससँग जोडिएको समग्र राज्य-प्रक्रिया हो। त्यसैले नेपालले स्टार पहलसँग प्राविधिक तथा कानूनी सहकार्य विस्तार गर्न, सूचना आदान-प्रदान सम्बन्धी सम्झौताहरू बढाउन, गोप्य वित्तीय गन्तव्य मुलुकहरूसँग संवाद गहिरो बनाउन, र आवश्यक परे प्रत्यार्पण तथा आर्थिक अपराध सम्बन्धी सन्धिहरू सुदृढ गर्नुपर्छ । नेपालले सहमति भएका कार्ययोजनाहरू समयमै पूरा गर्न सकेन भने यसको असर केवल प्रतिष्ठामा सीमित रहने छैन। अन्तर्राष्ट्रिय बैंकिङ सम्बन्ध, व्यापार-वित्त, वैदेशिक लगानी, सीमापार आर्थिक कारोबार तथा आयातका लागि आवश्यक प्रतीतपत्र (एलसी) प्रक्रियामा थप जाँच, ढिलाइ र महँगो अनुपालन-भार बढ्न सक्छ। यदि नेपाल अझ उच्च जोखिमयुक्त सूचीमा पुग्ने अवस्था आयो भने यस्तो असर झन् कठोर हुन सक्छ । त्यसैले राष्ट्रिय सम्पत्ति-पुनर्प्राप्ति अभियान अब केवल भ्रष्टाचार विरुद्धको नारा मात्र होइनह यो नेपालको वित्तीय विश्वसनीयता, बाह्य व्यापार क्षमता र राष्ट्रिय आर्थिक सुरक्षालाई जोगाउने अत्यावश्यक राज्य-कार्यसूची हो । आगामी सरकारको ऐतिहासिक परीक्षा एउटै छ, के उसले देशको हराएको पैसा देशकै भविष्यमा लगाउन सक्छ ? यदि सक्छ भने त्यो केवल आर्थिक सुधार हुनेछैनह राज्य, समाज र नागरिक-आत्मविश्वासको पुनर्जागरण हुनेछ। नागरिकले अन्ततः एउटै कुरा अनुभव गर्न पाउनुपर्छ । अब देशको पैसा देशकै भविष्यमा खर्च हुन्छ ।

***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९८५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सकारात्मक ऊर्जाको साथमा दिनको शुरूआत हुनेछ। नयाँ अवसर आउन सक्छ। | **तुला** : धैर्य र सकारात्मक सोचको साथ दिनको शुरूआत गर्नुहोस्। |
| **वृष** : सामाजिक क्षेत्रबाट मानसम्मान मिल्नेछ। स्वास्थ्यले साथ दिनेछ। | **वृश्चिक** :नयाँ अवसरहरू देखा पर्न सक्छन्। सहकर्मीहरूबाट सहयोग पाइनेछ। |
| **मिथुन** : स्वास्थ्यमा कमजोरीको अनुभूति हुनेछ। काममा बाधा आउनेछ। | **धनु** :सहकारी संस्थाबाट लाभ मिल्नेछ। आयआर्जनका नयाँ स्रोतहरू फेलापर्नेछन्। |
| **कर्कट** : आकस्मिक धनलाभ र यश, कीर्तिमा वृद्धि हुनेछ। व्यापार वृद्धी हुनेछ। | **मकर** : चिताएको काम सम्पादन गर्न सकिनेछ। पठनपाठनमा प्रगति हुनेछ। |
| **सिंह** : बोलिको प्रभावले कामहरू बन्नेछन्। अधिकारी वर्गहरूबाट सहयोग पाइनेछ। | **कुम्भ** : स्वादिष्ट भोजनको आनन्द मिल्ला। प्रियजनहरूसँग भेटघाट हुनेछ। |
| **कन्या** : नयाँ योजनाहरू सफल हुनेछन्। धार्मिक मठमन्दिरमा भ्रमणका योग छन्। | **मीन** : शुभचिन्तकहरूको साथ पाइनेछ। सुखद यात्राको सम्भावना रहेको छ। |

## कला मनोरञ्जन

# गीतको विवादमा नोरा फतेही



क्यानडामा जन्मिएकी बलिउड अभिनेत्री नोरा फतेहीलाई अझै मुस्किल बढेको देखिन्छ । कन्नड फिल्म ‘केडी डेभिल’को गीत ‘सरके चुनर तेरी सरके’लाई लिएर अहिले विवाद चर्किएको छ । यस गीतको हिन्दी संस्करणमा प्रयोग भएका शब्दलाई धेरैले अश्लील भन्दै आलोचना गरेका छन् । यही कारण फतेही र अभिनेता सञ्जय दत्त दुवै आलोचनाको केन्द्रमा छन् । विवाद अझै बढ्ने देखिन्छ । भारतीय सञ्चारमाध्यमका अनुसार, १० जना वकिलको समूहले गृह मन्त्रालयसँग फतेहीको वर्क परमिट रद्द गर्न माग गरेको छ । उनीहरूले फतेहीलाई देशबाट निष्कासन गर्नुपर्ने मागसमेत गरेका छन् । यसबीच, सरकारले ‘सरके चुनर तेरी सरके’ गीतलाई प्रतिबन्ध लगाइसकेको छ । राष्ट्रिय महिला आयोगले पनि यस विषयलाई गम्भीर रूपमा लिएको उल्लेख छ । गीतकार रकीब आलमले भने यसको जिम्मेवारी निर्देशकमाथि थोपरेका छन् । उनका अनुसार निर्देशक प्रेमले कन्नड गीतलाई जबरजस्ती शब्दानुवाद अनुवाद गर्न लगाएका कारण यस्तो विवाद सिर्जना भएको हो । फतेहीविरुद्ध सूचना तथा प्रसारण मन्त्रालय, केन्द्रीय फिल्म प्रमाणन बोर्ड, इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालय र राष्ट्रिय महिला आयोगमा पनि उजुरी दर्ता गरिएको छ । नोराविरुद्ध चालिएको यो कदम केही हदसम्म अनौठो पनि देखिन्छ, किनकि फिल्मका निर्माता वा यही गीतमा देखिएका अभिनेता सञ्जय दत्तविरुद्ध त्यति ठूलो आवाज उठेको छैन, जति आलोचना भने अभिनेत्री नोरामाथि केन्द्रित भएको छ । उजुरीमा वकिलहरूले उक्त गीतलाई ‘अत्यन्त अश्लील’ र यौन उत्तेजना फैलाउने खालको भएको आरोप लगाएका छन् । उनीहरूका अनुसार यो गीतले सार्वजनिक नैतिकता मात्र होइन, महिलाको गरिमामाथि पनि आघात पुऱ्याउँछ । फतेहीले यस्तो सामग्रीसँग जोडिएर भारतमा काम गर्ने आफ्नो अधिकारको दुरुपयोग गरेको दाबी गरिएको छ । उजुरीमा विदेशी ऐन, १९४६ का प्रावधान पनि उल्लेख गरिएको छ । सार्वजनिक शिष्टता वा व्यवस्था बिगार्न सक्ने गतिविधिमा संलग्न विदेशी नागरिकविरुद्ध सरकारले कारबाही गर्न सक्ने अधिकार रहेको उजुरीमा उल्लेख छ । यससँगै पासपोर्ट (भारत प्रवेश) ऐन, १९२० लगायतका अन्य कानुनी प्रावधानको पनि हवाला दिइएको छ । याचिकामा ‘सरके चुनर तेरी सरके’ गीतले विभिन्न कानुन उल्लंघन गरेको दाबी पनि गरिएको छ । यसमा भारतीय न्याय संहिता, महिलाको अश्लील चित्रण (निषेध) ऐन, १९८६ र सूचना प्रविधि ऐन, २००० समावेश छन् । यस्ता प्रस्तुतिले अश्लीलता बढाउने, महिलालाई वस्तुका रूपमा देखाउने र समाजमा गलत धारणा बलियो बनाउने तर्क पनि वकिलले गरेका छन् । यसअघि सामाजिक सञ्जालमा आलोचना र ट्रोलिङ बढेपछि फतेहीले पनि प्रतिक्रिया दिएकी थिइन् । उनले आफूलाई गीतका शब्दको अर्थबारे जानकारी नभएको बताइन्, किनकि उनले यो गीत कन्नड भाषामा सुट गरेकी थिइन् । पछि निर्माताले यसलाई हिन्दीमा अनुवाद गरेर रिलिज गरेको विषयमा आफू अनभिज्ञ रहेको उनले स्पष्ट पारेकी छन् । इन्स्टाग्राममा भिडियो सन्देश सार्वजनिक गर्दै उनले भनिन्, ‘मैले यो गीत तीन वर्षअघि कन्नडमा सुट गरेकी थिएँ । त्यो बेला यो ठूलो फिल्मको हिस्सा थियो र सञ्जय दत्त पनि थिए, त्यसैले मैले सहमति दिएको थिएँ ।’ उनले थपिन्, ‘मलाई यो ‘नायक होइन खलनायक हुँ म’को रिमेक हो जस्तो लागेको थियो । यसको हिन्दी संस्करणमा मेरो कुनै भूमिका थिएन । कन्नड भाषा नआउने भएकाले मैले अरूले भनेकै कुरामा भरोसा गरेँ । पछि गीतलाई हिन्दीमा डब गर्ने र शब्द परिवर्तन गर्ने काम गर्दा मसँग कुनै अनुमति लिइएन ।’ फतेहीले गीतको लन्च कार्यक्रममा देखिएको अनुभव पनि सुनाएकी छन् । कार्यक्रममा कन्नड संस्करण हेर्दा केही तस्बिर आफूलाई ठीक नलागेको उनले बताइन् । उनले एआईबाट बनाइएका केही तस्बिर प्रयोग गरिएकोमा पनि असन्तुष्टि जनाइन् । वकिलहरूले फतेहीको यो स्पष्टीकरणलाई अस्वीकार गरेका छन् । उनीहरूका अनुसार यो ‘पछि बनाइएको बहाना’ मात्र हो । कलाकारले कुनै प्रोजेक्टबाट पारिश्रमिक र श्रेय लिन सक्ने भए पनि त्यसको सामग्रीबाट अलग हुन नसक्ने उनीहरूको तर्क छ । साथै, एआई प्रविधिको प्रयोगले जिम्मेवारी हटाउँदैन भन्ने कुरा पनि वकिलहरूले जोड दिएका छन् । विवाद चर्किएपछि निर्माताले युट्युबबाट उक्त गीत हटाएका छन् । यो विषय संसदसम्म पनि पुगेको छ । केन्द्र सरकारले बुधबार औपचारिक रूपमा यो गीतमाथि प्रतिबन्ध लगाइएको जानकारी दिएको छ । सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले लोकसभामा सांसद आनन्द भदौरियाको प्रश्नको जवाफ दिँदै उक्त निर्णयबारे जानकारी गराएका हुन् ।

*-अनलाइन खबर डटकम*

# ‘हामी तीन भाइ’ सेन्सर पास



आगामी शुक्रबारबाट प्रदर्शनमा आउने फिल्म ‘हामी तीन भाइ’ले प्रदर्शन अनुमति पाएको छ । केन्द्रीय चलचित्र सेन्सर बोर्डले फिल्मलाई मूल्याङ्कन गर्दै युनिभर्सल सर्टिफिकेट सहित प्रदर्शन अनुमति दिएको हो । फिल्म सबै उमेरका दर्शकले हेर्न पाउने छन् । फिल्मका निर्देशक मधुसूदन भट्टराई हुन्। प्रसिद्धि सिने आर्ट्स प्रालिको ब्यानरमा निर्माण भएको फिल्मलाई त्रिरन्त श्रेष्ठ र मनोज श्रेष्ठले निर्माण गरेका हुन् । कमेडी तथा सामाजिक कथामा आधारित फिल्ममा विनोद न्यौपाने, लक्ष्मी वर्देवा, कुशल बिष्ट, आश्मा गिरी, जाहन्वी बस्नेत,फलित राई, राजाराम पौडेल, रवीन्द्र झा, बिष्णु सापकोटा, विकास चापागाइँ शुष्मा निरौला, यादव देवकोटा (सरापे),अन्जु हमाल,तारा शर्मा,पवन केसी, रमा बिष्ट, विरेन श्रेष्ठ, शुष्मा जिम्बा,खिन्न बहादुर भण्डारी (भोले),गोविन्द प्रसाद पौडेल,भूमिका गिरी,टेकराज पौडेल, अमृतमान महर्जन लगायतको अभिनय छ । विक्रम तामाङ कार्यकारी निर्माता रहेको फिल्ममा सह-निर्माता भक्तलाल श्रेष्ठ, प्रतिमा थापा पोखरेल, दुर्गालक्ष्मी पाण्डे विशेष सहयोगी शम्भु कुमार केसी रहेका छन् । साजित महत प्रस्तुतकर्ता रहेको फिल्मको पटकथा तथा संवाद शिवम् अधिकारीले लेखेका हुन् । फिल्मलाई शिव ढकालले खिचेको हुन् भने यस फिल्मको सम्पादन बनिश शाहले गरेका छन् । फिल्ममा साप शक्ति, बाबुल गिरीको संगीत, कमल राईको नृत्य र देव महर्जनको द्वन्द्ध छ । फिल्मलाई नेशनल सिने ग्रुप प्रालिले वितरण गर्दैछ भने डिजिटल पार्टनर ओएसएआर डिजिटल रहेको छ ।

*-रातोपाटी डटकम*

# चलचित्र निर्माणमा ‘एआई’को प्रयोगबारे दुई दिने कार्यशाला




नेपाली चलचित्रलाई प्रविधिमैत्री बनाउने उद्देश्यले काठमाडौँमा ‘सिनेम्याटिक एआई: फ्रम स्क्रिप्ट टु स्क्रिन विथ आर्टिफिसियल इन्टेलिजेन्स’ विषयक दुई दिने कार्यशाला सुरु भएको छ । चलचित्र विकास बोर्ड र नेपाल एआई फिल्म एलायन्स (नाइफा)को सहकार्यमा आयोजित उक्त कार्यशालामा दुई सय बढी चलचित्रकर्मीको सहभागिता रहेको छ। चावहिलस्थित चलचित्र विकास बोर्डको प्रेक्षालयमा सञ्चालन भइरहेको कार्यशालाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले एआईले चलचित्र क्षेत्रमा नयाँ सम्भावना सृजना गरेको बताए । उनले एआईको प्रयोगसँगै मानवीय सृजनशीलताको भूमिका अझ महत्त्वपूर्ण हुने धारणा व्यक्त गरे । त्यसैगरी नाइफाका अध्यक्ष करूण थापाले एआईले फिल्म निर्माणलाई सर्वसुलभ बनाएको बताए । उनका अनुसार पहिले फिल्म बनाउन ठूलो बजेट, उपकरण र जनशक्ति आवश्यक पर्ने भए पनि अहिले ‘आइडिया’ र इन्टरनेटको सहायताले कोठामै बसेर पनि चलचित्र निर्माण सम्भव भएको उल्लेख गरे । कार्यशालामा सहभागीहरूलाई आइडियाबाट स्क्रिप्ट, स्क्रिप्टबाट इमेज, इमेजबाट भिडियो र अन्ततः पूर्ण चलचित्र तयार पार्ने प्रक्रियाबारे अभ्यास गराइएको छ । साथै साउन्ड डिजाइन, सम्पादन, कलर करेक्सन तथा भिएफएक्समा एआईको प्रयोगबारे पनि जानकारी दिइएको छ । कार्यक्रममा नाइफाका तर्फबाट करुण थापा, शिव पुरी, मौसम पुरी र अजय शर्माले दुई दिनसम्म प्रशिक्षण दिनेछन् । *-रासस*

# ‘निफ’का प्रि–इभेन्ट सम्पन्न




**भारतका चर्चित निर्देशक, निर्मात र कलाकार रमेश सिप्पी निफको उद्घाटन समारोहमा विशेष उपस्थित ररहेको छ । निफमा सहभागी हुने निर्देशक सिप्पीले भारतीय चलचित्रको यात्रा, आफ्नो फिल्मी यात्रा र अनुभवबारे नेपाली फिल्म मेकर र दर्शकमाझ शेयर गर्ने कार्यक्रम पनि राखिएको अध्यक्ष पाठकले जानकारी गराए । बलिउडमा काशेढुंगाका रूपमा सावित भएको चलचित्र ‘शोले’ उनकै निर्देशनमा बनेको हो ।**

नवौं संस्करणको नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) का प्रि-इभेन्ट कार्यक्रमहरू सम्पन्न भएका छन् । गैरीधारास्थित कान्तिपुर थिएटरमा ‘सर्ट फिल्म साँझ’ शीर्षकको कार्यक्रम सम्पन्न भएसँगै निफको प्रि-इभेन्ट चरण पूरा भएको हो । कार्यक्रममा विभिन्न अन्तर्राष्ट्रिय चलचित्र महोत्सव तथा निफका अघिल्ला संस्करणमा पुरस्कृत सर्ट फिल्महरू ‘जुलुंगो’, ‘बेयर ट्री इन द मिस्ट’, ‘जुन्को’ र ‘चिसो घर’ प्रदर्शन गरिएका थिए । फिल्म प्रदर्शनपछि दर्शकका जिज्ञासाहरूको उत्तर सम्बन्धित निर्माता-निर्देशकहरूले दिएका थिए ।

यसअघि निफले प्रि-इभेन्टअन्तर्गत ‘हर सिनेमा हर भ्वाइस’ र ‘द न्यू वेभ इन नेपाली सिनेमा’ शीर्षकमा दुई अन्तर्क्रियात्मक कार्यक्रम आयोजना गरेको थियो । महोत्सवका अध्यक्ष केपी पाठकले प्रि-इभेन्ट सफलतापूर्वक सम्पन्न भएको जानकारी दिँदै अब चैत १९ गतेदेखि सुरु हुने महोत्सवका लागि अन्तिम तयारी भइरहेको जानकारी दिए । उनले छिट्टै महोत्सवका विस्तृत कार्यक्रम आधिकारिक सामाजिक सञ्जाल र वेबसाइटमार्फत सार्वजनिक गरिने बताए । यस संस्करणमा पाँचदिने एआई फिल्म वर्कसप पनि समावेश गरिएको छ । वर्कसपमा प्रि-प्रोडक्सन, प्रोडक्सन र पोष्ट-प्रोडक्सन चरणमा एआईको प्रयोगबारे प्रशिक्षण दिइने जनाइएको छ । साथै फिल्म निर्माणमा एआईको सम्भावना र भविष्यबारे पनि छलफल गरिनेछ । इच्छुक व्यक्तिहरूले चैत ११ (मार्च २५) सम्म आवेदन दिन सक्नेछन् । यसैगरी, ‘निफ फिचर पिच’ शीर्षकको कार्यक्रममार्फत सर्ट फिल्म निर्माणमा अनुभव भएका लेखकहरूले आफ्नो फिचर फिल्मको कथा निर्मातासमक्ष प्रस्तुत गर्ने अवसर पाउनेछन् । भारतका चर्चित निर्देशक, निर्मात र कलाकार रमेश सिप्पी निफको उद्घाटन समारोहमा विशेष उपस्थित ररहेको छ । निफका अध्यक्ष पाठकका अनुसार उनि उद्घाटन कार्यक्रममा विशेष उपस्थिति जनाउन नेपाल आउने पक्का भएको हो । निफमा सहभागी हुने निर्देशक सिप्पीले भारतीय चलचित्रको यात्रा, आफ्नो फिल्मी यात्रा र अनुभवबारे नेपाली फिल्म मेकर र दर्शकमाझ शेयर गर्ने कार्यक्रम पनि राखिएको अध्यक्ष पाठकले जानकारी गराए । सिप्पीले दर्जनभन्दा बढी चलचित्र निर्देशन गरेको छ । बलिउडमा काशेढुंगाका रूपमा सावित भएको चलचित्र ‘शोले’ उनकै निर्देशनमा बनेको हो । पछिल्लो समय उनले निर्देशन गरेको चलचित्र ‘सिम्ला मिर्ची’ सन् २०२० मा प्रदर्शनमा आएको थियो । उनि दर्जनौं चलचित्रको निर्माता र केही फिल्ममा कलाकारसमेत बनको छ । सिप्पली आफ्नो निर्देशनमा बनेका चलचित्रहरूमा शाहरूख खान, अमिताभ बच्चन, सञ्जय दत्त, ज्याक्की श्रफ, मिथुन चक्रवर्ती, ऋषि कपुर, दिलिप कपुर, शशी कपुर, धर्मेन्द्र, राजेश खन्नालगयात बलिउड स्टारलाई अभिनय गराएका छन् । आयोजकका अनुसार महोत्सवमा ४० देशका ८८ फिल्म प्रदर्शन गरिनेछन् भने विभिन्न विषयमा १० वटा अन्तर्क्रियात्मक कार्यक्रमसमेत आयोजना गरिनेछन् ।

*-इहिमालय टाइम्स डटकम*

# लुम्बिनीमा सरसफाइ अध्ययन केन्द्र सञ्चालन




**लुम्बिनी,** चैत १०/बुद्ध जन्मस्थल लुम्बिनीको फोहर व्यवस्थापनका लागि 'सरसफाइ अध्ययन केन्द्र' सञ्चालनमा ल्याइएको छ । उक्त केन्द्रले फोहोर व्यवस्थापनलाई दिगो विकास र हरित अर्थतन्त्रसँग जोड्ने लक्ष्य लिएको छ । लुम्बिनी सांस्कृतिक नगरपालिका-५ ढोडहवामा उक्त सरसफाइ अध्ययन केन्द्र सञ्चालन गरिएको हो ।

लुम्बिनी सांस्कृतिक नगरपालिका, संयुक्त राष्ट्रसंघिय विकास कार्यक्रम (युएनडिपी) र द कोका-कोला फाउन्डेसनको सहकार्यमा सो केन्द्र सञ्चालनमा ल्याइएको हो । सरसफाइ अध्ययन केन्द्रको मंगलबार लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले उद्घाटन गरे । त्यस अवसरमा मुख्यमन्त्री आचार्यले लुम्बिनी क्षेत्रलाई सरसफाइमा नमूना बनाउने दिशामा महत्वपूर्ण सुरुआत भएको बताए । उनले बर्सेनि १३ देखि १४ लाखसम्म पर्यटक आउने लुम्बिनी क्षेत्रमा विगतमा फोहोरका कारण बिग्रिएको छवि अब सकारात्मक रुपमा बदलिने उल्लेख गरे । मुख्यमन्त्री आचार्यले फोहोर व्यवस्थापन लुम्बिनी सांस्कृतिक नगरपालिकाको मात्र नभई प्रदेश सरकारको पनि साझा जिम्मेवारी भएको स्पष्ट पारे । उनले प्रदेश सरकारले यस्ता योजनाको कार्यान्वयनमा निरन्तर सहकार्य गर्ने प्रतिबद्धता जनाउँदै यस आयोजनालाई प्रदेशकै गौरवको परियोजना भएको उल्लेख गरे । उनले 'ग्रेटर लुम्बिनी' अवधारणाअन्तर्गत आवश्यक बजेट सुनिश्चित भएको जानकारी दिँदै अब योजनाले पूर्णता पाउने विश्वास व्यक्त गरे ।

कार्यक्रममा प्रदेशसभा सदस्य रत्नबहादुर खत्री र चन्द्केश गुप्ता, लुम्बिनी सांस्कृतिक नगरपालिकाका कार्यवाहक नगरप्रमुख कल्पना हरिजनलगायतले सरसफाइ केन्द्र स्थापनाबाट लुम्बिनी क्षेत्रको फोहर व्यवस्थापनमा सहज हुने बताए ।

# आमाको नामबाट तीन हजारले लिए नागरिकता




**काठमाडौँ,** चैत १०/नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ जारी भएदेखि आमाको नामबाट दुई हजार ९४८ जनाले नागरिकता लिएका छन् । नयाँ नियमावली जारी भएपछि हालसम्म नयाँ व्यवस्थाअनुसार उनीहरुले नागरिकता प्राप्त गरेको गृह मन्त्रालयले जनाएको छ ।

चौथो पटक संशोधन गरिएको नेपाल नागरिकता नियमावली राजपत्रमा प्रकाशित गरिएको थियो । गत पुस ११ गते बसेको मन्त्रिपरिषद् बैठकले नेपाल नागरिकता चौथो संशोधन नियमावलीमा स्वीकृत गर्ने निर्णय गरेको थियो । नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ मा संशोधन गरिएको छ । त्यस्तै, मूल नियमावलीको नियम ५, ७, ८ र १४ मा संशोधन गरिएको छ । मूल नियमावलीमा नियम १६ (क) थप गरिएको छ भने मूल नियमावलीको अनुसूचीमा संशोधन गरिएको छ । नयाँ व्यवस्थाअनुसार बुबा वा आमामध्ये एक जनाले जन्मका आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्को अभिभावक नागरिकता नपाउँदै मृत्यु भएको वा बुबाको ठेगाना अज्ञात रहेको अवस्थामा तथा नेपाली आमाबाट विदेशमा जन्मिएर बुबाको पहिचान नभएका तर नेपालमा स्थायी बसोबास गरिरहेका सन्तानको हकमा प्रमुख जिल्ला अधिकारीले आवश्यक छानबिन गरी अङ्गीकृत नेपाली नागरिकता प्रदान गर्न सक्ने व्यवस्था थप गरिएको छ । नागरिकता जारी गर्दा नियमावलीले तोकेका कागजातका अतिरिक्त स्वघोषणालाई पनि महत्वपूर्ण आधारका रूपमा लिइनेछ । त्यसका लागि आवश्यक ढाँचासमेत संशोधित नियमावलीले व्यवस्था गरेको छ । यसअघि वैवाहिक अङ्गीकृतबाहेकका अन्य अङ्गीकृत नागरिकता गृह मन्त्रालयको निर्णयमा मात्र प्रदान हुने व्यवस्था थियो ।

नयाँ कानुनी व्यवस्थाअनुसार उक्त अधिकार प्रमुख जिल्ला अधिकारीलाई प्रत्यायोजन गर्न सकिने व्यवस्था गरिएको छ, जसले नागरिकता वितरण प्रक्रियामा स्थानीय तहको भूमिका र जिम्मेवारी बढाएको छ । संशोधनले यसअघि कानुनले स्पष्ट रूपमा समेट्न नसकेको नाबालक परिचयपत्र वितरणसम्बन्धी विषयलाई पनि समावेश गरेको छ । साथै विदेशी महिलाले नेपाली पुरुषसँग विवाह गरेको अवस्थामा वैवाहिक अङ्गीकृत नागरिकता प्रदान गर्नुअघि निजको नेपाल बसाइँ अनुमति (भिसा) नियमित हुनुपर्ने व्यवस्था स्पष्ट गरिएको छ । *-रासस*

## खेलकुद समाचार

# नेपाल पुलिस क्लबले इतिहासकै धेरै रन बनायो



**काठमाडौं,** चैत १०/नेपाल पुलिस क्लबले प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट इतिहासकै धेरै ३५५ रन बनाएको छ । यसअघि २०१८ मा कीर्तिपुरमा मधेश प्रदेशसँगको खेलमा एपीएफले ३३९ रन बनाएको थियो । मूलपानी मैदानमा आज एपीएफ क्लबसँगको खेलमा पुलिसले ५० ओभरमा ९ विकेट गुमाएर ३५५ रन बनाएको हो । टस हारेर ब्याटिङ गरेको पुलिसका लागि चार जना खेलाडीले अर्धशतक बनाए । पुलिसका शङ्कर रानाले ६१, दिनेश खरेलले ६०, दिलसाद अलीले नटआउट ५१, कप्तान आरिफ शेखले ५० रन बनाए । एपीएफका कमल ऐरी र अमर रौटेलाले २/२ विकेट लिए । अहिले एपीएफले पुलिसले दिएको ३५६ रनको लक्ष्य पछ्याइरहेको छ । यस्तै तल्लो मूलपानी मैदानमा भएको खेलमा बागमती प्रदेशले गण्डकी प्रदेशलाई २९५ रनको लक्ष्य दिएको छ । टस हारेर ब्याटिङ गरेको बागमतीले ५० ओभरमा ८ विकेट गुमाएर २९४ रन बनायो । बागमतीका ईशान पाण्डेले ७१, आशुतोष घिरैयाले ५९ रन बनाए । गण्डकीका कमल परियारले २ विकेट लिए । अहिले गण्डकीले बागमतीले दिएको २९५ रनको लक्ष्य पछ्याइरहेको छ । नेपाल क्रिकेट सै (क्यान) को आयोजनामा सोमबारदेखि शुरू भएको प्रतियोगितामा ७ वटा प्रदेश र ३ वटा विभागीय टोलीको सहभागिता छ ।


वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक २३ अङ्कले बढ्यो



**पाल्पा,** चैत १०/यो साता कारोबारको लगातार तेस्रो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा वृद्धि भएको छ । मंगलबार नेप्से परिसूचक २३ दशमलव ८३ अङ्कले बढेर दुई हजार ९६० दशमलव ४० को बिन्दुमा पुगेको छ ।

मंगलबार ३४१ कम्पनीको तीन करोड ५८ लाख २२ हजार १९१ कित्ता शेयर एक लाख २६ हजार ९४७ पटक खरिद-बिक्री हुँदा रु १४ अर्ब ८३ करोड ९१ लाख ८३ हजार ६४३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । मंगलबारको कारोबारमा बैङ्किङ शून्य दशमलव ६७, विकास बैङ्क एक दशमलव ३८, वित्त शून्य दशमलव ५१, जलविद्युत् एक दशमलव ३२, लगानी शून्य दशमलव ११, उत्पादन तथा प्रशोधन शून्य दशमलव ८६, म्युचुअल फन्ड शून्य दशमलव २५ र व्यापार समूह नौ दशमलव १२ प्रतिशतले बढेको छ । अरू सबै समूहको उपसूचक घटेको छ । जलविद्युत् शून्य दशमलव १७, जीवन बीमा शून्य दशमलव ३७, लघुवित्त शून्य दशमलव ४६, निर्जीवन बीमा शून्य दशमलव ३८ र अन्य समूह शून्य दशमलव १६ प्रतिशतले घटेको छ ।

सलपा विकास बैङ्क लिमिटेड र रिलायन्स स्पिनिङ मिल्स लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ५६ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धेरै रादी विद्युत् कम्पनी लिमिटेडको रु ६७ करोड ४३ लाख ८४ हजार ३४१ बराबरको खरिद-बिक्री भएको छ ।

कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको प्रमोटर शेयर २० लाख २७ हजार ९९२ कित्ता किनबेच भएको नेप्सेले जनाएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई